मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

## निकासी कर संकलन सम्बन्धी ठेक्का आव्हान गरेको सूचना

**दोश्रो पटक प्रकाशित मिति २०८१/०८/१७**

मिक्वाखोला गाउँकार्यपालिकाको आर्थिक ऐन २०८१ बमोजिम यस गाउँपालिका बाट निकासी हुने विविध वस्तुमा निकासी कर संकलनको लागि तपशिल बमोजिमका कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट कार्य गर्नुपर्ने भएकोले इच्छुक मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म, कम्पनी तथा प्रा.लि.बाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको ०३ दिने सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले ०३ औ दिन भित्र नविकरण भएको इजाजत पत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि करदाता र आ.व २०८०/८१ को कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिका साथै निवेदन साथ दरभाउ पत्रको दस्तुर **रु. १०००।०० (एक हजार मात्र)** पछि फिर्ता नहुने गरी **प्रभु बैंक लिमिटेड शाखा कार्यालय, थलङ,** ताप्लेजुङ स्थित मिक्वाखोला गाउँपालिकाको **आन्तरिक राजश्व खाता नं. २८९७०८८३२४८०००२८** मा जम्मा गरेको नगदी रसिद सहित दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले पेस गरेमा यस गाउँपालिकाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ०३ औं दिन कार्यालय समय भित्र फर्म खरिद गरी ०४ औ दिन (२०८१ मंसिर २० गते) दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको नाममा सम्बोधन गरी ठेक्का नं, कामको विवरण, दरभाउपत्र वोलपत्रदाताको नाम, ठेगाना स्पष्ट खुलाई फर्मको सहि छाप लगाई सिलबन्दी लाहाछाप गरी मिक्वाखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, थलङ ताप्लेजुङमा दर्ता गराउनु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोहि दिन दिनको १:०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

४. दरभाउपत्र साथ जमानत बापतको रकम **प्रभु बैंक लिमिटेड शाखा कार्यालय, थलङ,** ताप्लेजुङ स्थित मिक्वाखोला गाउँपालिकाको धरौटी खाता नं. २८९७०८८३२४८००१४८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंक बाट यस गाउँपालिकाको नाममा जारी भएको सक्कल बिडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा आइटम वाइज दररेट अंक र अक्षर दुवैमा अनिवार्य स्पष्ट लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्ररी बुझी भरेको मानिनेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

८. दरभाउपत्रदाताबाट पेस भएको दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. यस सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ । यस कार्यालयको सम्पर्क मोवाइल नं. ९८५२६६०९०५ बाट समेत जानकारी प्राप्त गर्न सकिनेछ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक्का रकम (भ्याट वाहेक) | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१/८२-०५ | मिक्वाखोला गाउँपालिका अन्तर्गत निकासी कर संकलन ठेक्का | १,४०,००० | कवोल रकमको ५ प्रतिशत | |

*नोटः विगतको वर्षहरुमा गाउँपालिकाको कार्यालयमा राजश्व बक्यौता रकम तिर्न बाँकी रहेको फर्म, कम्पनीहरुले फर्म खरिद गर्न पाउने छैन ।*

विजय गौतम
प्रमुख प्रशासकीय अधिकृत

मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थलङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

मिति २०८१/०८/१७

निकासी करको दररेट मिक्वाखोला गाउँपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्न अनुसार रहेको छ ।

| क. सं. | सामाग्री | एकाइ | शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | अलैची | प्रति किलोग्राम | रु. २ | |
| २ | धुपी | प्रति किलोग्राम | रु. १ | |
| ३ | गोलिया | प्रति ट्याक्टर | रु. ५०० | |
| ४ | गोलिया | प्रति ट्रक | रु. १५०० | |
| ५ | गाई भैंसी घोडा चौरी | प्रति गोटा | रु. १०० | |
| ६ | राडी पाखी | प्रति गोटा | रु. १० | |
| ७ | गलैंचा ठूलो | प्रति गोटा | रु. १०० | |
| ८ | चिराइतो | प्रति किलोग्राम | रु. २ | |
| ९ | मजिटो | प्रति किलोग्राम | रु. १ | |
| १० | चमर | प्रति गोटा | रु. ३० | |

..........................
प्रमुख प्रशासकीय अधिकृत